फोन नं. ०६४-४२०९१८
इमेल :gorkhahospital@gandaki.gov.np
वेबसाइटः gorkhahospital.gov.np

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रादेशिक स्वास्थ्य निर्देशनालय
प्रदेश अस्पताल
गोरखा

पत्र संख्या -०८१/०८२

# कर्मचारी करारमा लिने सम्बन्धी सुचना

(प्रथम पटक प्रकाशित मिति: २०८१।११।०५ गते)

प्रदेश अस्पताल, गोरखाको अस्पताल व्यवस्थापन समितिको मिति २०८१।११।०४ गतेको निर्णयानुसार मेडिकल अधिकृत पदमा अस्पताल व्यवस्थापन समिति अन्तर्गत सेवा करारमा लिनुपर्ने भएकोले योग्यता पुगेका उम्मेद्वाहरुले यस अस्पतालले निर्धारण गरे बमोजिम दरखास्त फारममा उल्लेखित विवरण खुलाइ मिति २०८१।११।१५ गते सम्म कार्यालय समयभित्र दरखस्त दिनु हुन सुचना गरिन्छ । हालसालै खिचेको १ प्रति पासपोर्ट साइजको फोटो टाँस गरी शैक्षिक योग्यताको प्रमाणपत्र अनुभव वा तालिम प्राप्त भए सो समेतको १/१ प्रति प्रमाणित प्रतिलिपि सहित दरखस्त दिनुपर्नेछ । परिक्षामा आउँदा दरखस्त फारम साथ पेश भएका प्रमाणपत्रहरु सक्कलै लिइ आउनुपर्नेछ । रित नपुगी वा म्याद नाघी आएका दरखस्त उपर कुनै कारबाही हुने छैन । थप अन्य जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

| क्र.स | विज्ञापन नं. | पद | तह / श्रेणी | आवश्यक न्युनतम योग्यता | संख्या | कैफीयत |
|---|---|---|---|---|---|---|
| १ | १३/२०८१ -०८२ | मेडिकल अधिकृत | आठौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS वा सो सरह उत्तिर्ण भई नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको । | १ | अस्पताल व्यवस्थापन समिति अन्तर्गत |

उमेरः १८ वर्ष पुरा भइ ३५ वर्ष ननाघेको महिला अपाङ्गता भएको व्यक्तिको हकमा थप ५ वर्ष

तलवः अस्पताल व्यवस्थापन समितिको नियमानुसार हुनेछ ।

परिक्षाको किसिमः लिखित र अन्तर्वार्ता दुवै (आवश्यकता अनुसार प्रयोगात्मक पनि लिन सकिने)

अन्तरवार्ता मितिः पछि तोकिनेछ ।

दरखास्त फारम पाउने स्थानः प्रदेश अस्पताल, गोरखाको प्रशासन शाखा साथै प्रदेश अस्पताल, गोरखाको वेबसाइट gorkhahospital.gov.np मा उपलब्ध हुनेछ ।

परिक्षा केन्द्रः प्रदेश अस्पताल, गोरखा ।

दरखास्त बुझाउने स्थानः प्रदेश अस्पताल गोरखाको, प्रशासन शाखामा

दस्तुर बुझाउने विधि:

कार्यालय कोड: ३५००९३६०१४

राजस्व शिर्षक नं. : १४२२४ (परिक्षा शुल्क)

दरखास्त दस्तुरः १२०० (बाह्र सय रुपैयाँ)

दरखस्त फारम साथ पेश गर्नुपर्ने कागजातहरुः नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, तालिम प्राप्त गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, काउन्सिल दर्ताको प्रमाणपत्रको प्रतिलिपी पासपोर्ट साइजमा हालसालै खिचेको १ / १ प्रति फोटो ।

पदपुर्ति समिति